विद्यालयको कोड नं.: ४७०५२०००२

# श्री महेन्द्र नरेश प्राथमिक विद्यालय

# Shree Mahendra Naresh Primary School

माथागढी-७,रहवास,ठाडे,पाल्पा

Mathagadhi-7,Rahabas,Thade, Palpa

स्था. २०२५(Estd. 2025 B.S.)

च न (Ref.No.): 09

प.स.(Letter No): 2083/84

मिति : २०८३/०४/१८

श्री सम्बन्धित सबै ।

विषय : पुन; सरुवा सहमतिका लागि दर्खास्त आह्वान सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणी को १ (एक) दरबन्दी रिक्त रहेको हुदा शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धी व्यवस्थाबमोजिम उक्त दरबन्दी शिक्षक सरुवा मार्फत पूर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह तृतीय श्रेणी को स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरु बाट यो सूचना प्रकाशित भएको मिति देखि ७ दिन (२०८३/०४/२४ सम्म, कार्यालय समय) भित्र सरुवा सहमतिका लागि दर्खास्त आह्वान गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु ;

१. सरुवाका लागि निबेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।

४. स्थीयी / अस्थायी नियुक्ति पत्र प्रतिलिपि ।

५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।

६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात ।

७. असाधारण तथा बेतलवी बिदा लिय/नलिएको सम्बन्धित कागजात ।

८. विद्यालयको सहमतिको पत्र ।

९. सम्बन्धित स्थानीय तहको सहमतिको पत्र ।

१०. शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण/ कागजात (आवश्यक भएमा )

११. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिम फारम ।

उक्त अवधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्यांकन गरि आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ ;

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, तानसेन , पाल्पा – जानकारी तथा वेबसाइट मा प्रकाशनको लागि ।

२. श्री शिक्षा शाखा माथागढ़ी गा.पा. कायार्लय, झडेवा, पाल्पा - जानकारी तथा वेबसाइट मा प्रकाशनको लागि ।

३. माथागढ़ी गा.पा. -७ वडा कार्यालय – जानकारीको लागि ।

४. विद्यालयको सुचना पाटी फेस बुक पेज – प्रकाशनको लागि ।

.........................

नि - प्रधानाध्यापक

केशव बहादुर घर्ती

श्री महेन्द्र नरेश प्राथमिक विद्यालय

माथागढी-७,रहवास,ठाडे,पाल्पा

प्रधानाध्यापक

श्री महेन्द्र नरेश प्राथमिक विद्यालय

माथागढी-७ रहवास, पाल्पा

सम्पर्क नं. ९७६९८१८२२१ Gmail :- mahendranaresh2025@gmail.com